# जिरी नगरपालिकामा 'राजथली' अवधारणाबारे छलफल सम्पन्न

जिरी, मंसिर ७, २०८१ । आज यस जिरी नगरपालिकाको आयोजनामा, जिरी प्राविधिक शिक्षालयको सभाहलमा 'जिरीको सम्बृद्धि: कृषि, पर्यटन तथा व्यापारमा बृद्धि'को मूल नारालाई सार्थक बनाउन एवम् यसलाई स्थानीय विकासको कडीमा जोडन 'राजथली' (RAJTHALI: Regional Action Junction for Trade, Heritage, and Advantage Linkage Initiative) को अवधारणा र सञ्चालनबारे विशेष प्रस्तुति सम्पन्न भएको छ । उक्त प्रस्तुति जिरी नगरपालिका प्रमुख श्री मित्र बहादुर जिरेलको अध्यक्षतामा सञ्चालित कार्यक्रममा 'राजथली' अवधारणाका प्रवर्तक त्रिभुवन विश्वविद्यालयका प्रा. डा. राज कुमार भट्टराई स्वयंले गर्नु भएको थियो । उक्त कार्यक्रममा नगरपालिका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कृषि तथा उद्योग व्यवसायीहरुका प्रतिनिधि, जिल्लाका प्रमुख राजनैतिक दलहरुका प्रतिनिधिहरु लगायत ४० जना भन्दा बढी सहभागीहरुको उपस्थिति थियो ।




प्रा. डा. भट्टराईले 'राजथलीको मुख्य उद्देश्य व्यापार, सांस्कृतिक सम्पदा र सामाजिक-आर्थिक विकासलाई एकीकृत गर्दै दिगो विकासका पहलहरू बढाउनु हो' भन्ने कुराको जानकारी दिनुभयो । साथै यसले स्थानीय समुदायमा व्यवसायिक अवसर सिर्जना गर्ने, रोजगार प्रदान गर्ने, पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्नुका साथै स्थानीय तहमा पारस्परिक अन्तर्निर्भरतामा आधारित एउटा बलियो आर्थिक प्रणालिको विकास हुने विश्वास समेत व्यक्त गर्नु भयो । सो कार्यक्रममा स्थानीय किसान, साना उद्यमी र घरेलु उद्योगका उत्पादनहरूको भण्डारण, प्रशोधन, प्रदर्शन र बिक्रीको प्रवर्द्धन, स्थानीय संस्कृति, कला-कृति र सम्पदाको प्रवर्द्धनका अतिरिक्त पर्यटन सूचना केन्द्रको स्थापना, व्यवसायिक तालिम तथा गोष्ठीको आयोजना तथा पर्यटक र स्थानीय समुदायका लागि विश्राम तथा मनोरञ्जनका क्षेत्रहरूको विकास लगायतका कुराहरू यसका मुख्य विशेषता हुने कुराको चर्चा परिचर्चा समेत भयो ।

कार्यक्रममा राजथलीको सञ्चालनले आर्थिक र सामाजिक क्षेत्रमा अल्पकलीन र दीर्घकालीन दुबै लाभहरू प्रदान गर्ने विश्वास पनि व्यक्त गरियो । स्थानीय वस्तु तथा सेवाको बिक्रिमा २०-३०% को वृद्धि हुने, प्रत्यक्ष रूपमा १००-१५० र अप्रत्यक्ष रूपमा ३००-४०० रोजगारी सिर्जना हुने, स्थानीय कर तथा सार्वजनिक लगानीमार्फत नगर राजस्वमा वृद्धि हुने अनुमान समेत गरियो । यसका अतिरिक्त पर्यटन क्षेत्रमा  आगन्तुकको संख्यामा १५-२०% ले वृद्धि हुने र वार्षिक रु. १-१.५ करोडसम्मको आम्दानी हुने अपेक्षा गरिएको छ । साथै, विविध समुदायहरूबीच सहयोग र सहकार्यको वातावरण सृजना गर्दै, वार्षिक ३००-५०० महिला र युवाहरूलाई सशक्तीकरणका अवसर प्रदान गर्ने लक्ष्य राख्न सकिने कुराको विवेचना समेत भयो । यसका लागि राजथलीको स्थापनाको प्रक्रिया चार चरणमा सम्पन्न हुन सक्ने कुराको अनुमान समेत लगाइयो । जस अनुसार पहिलो चरणमा योजना र कानुनी आधार तयार पार्ने, दोस्रो चरणमा वित्तीय स्रोत जुटाई निर्माण कार्य सम्पन्न गर्ने,  तेस्रो चरणमा सेवा सञ्चालनका लागि कर्मचारी र सेवा प्रदायक नियुक्त गर्ने र चौथो चरणमा सञ्चालन, निरन्तर मूल्याङ्कन र सुधारका लागि काम गर्ने कुराको टुङ्गो समेत लगाइयो ।



कार्यक्रममा राजथली कार्यान्वयनका सम्भावित चुनौतीहरू र तिनका समाधानका उपायहरूबारे पनि चर्चा भएको थियो । अन्तर्क्रियाका दौरान सहभागीहरुको मुख्य चासोमा कृषि, उद्योग तथा पर्यटनमा लगानी, प्रविधि सहयोग तथा बजार व्यवस्थाको सुनिश्चित्ता नै थियो । यस सम्बन्धमा 'राजथली' का प्रवर्तक प्रा.डा. भट्टराईले खासगरी स्थानीयहरुकै संलग्नतामा राजथलीको विकासका लागि विभिन्न चरणहरुमा के-कसरी अगाडि बढ्ने भन्नेबारे सुझावहरु दिनु भएको थियो । अवधारणाले दिएको सोच तथा विद्यमान चुनौतीहरुबारे कृषि, उद्योग, व्यापार, नागरिक समाजका अगुवा तथा प्रमुख राजनैतिक दलका प्रतिनिधिहरुले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो । सहभागीहरूबाट यस अवधारणाको कार्यान्वयनले नगरपालिकालाई दिने सम्भावित फाइदाहरूप्रति सकारात्मक प्रतिक्रिया प्राप्त भएको थियो । कार्यक्रमको समापनमा नगरपालिकाका प्रमुख श्री मित्र बहादुर जिरेलले अवधारणाका प्रवर्तकलाई धन्यवाद ज्ञापन गर्दै 'राजथली' अवधारणालाई कार्यान्वयन गर्न एक कार्यदल गठन गरी थप छलफल तथा समन्वयबाट योजना तथा पहलहरू अगाडि बढाउने प्रतिवद्धता समेत जनाउनु भयो ।

……………………………………………..

*राजथली (RAJTHALI) अवधाणाका बारेमा थप जानकारीको लागि सम्पर्कः*

Prof Dr Raj Kumar Bhattarai, Phone: 9851199948 (WhatsApp), email: raj@ncc.edu.np

https://www.raj.pro.np/search/label/RAJTHALI